संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी खबर

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

## होटल बिक्रिमा

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▸▸ अंक ३९८ भदौ १० बिहिबार,२०७८, August– 26 Thersday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/–www.majhkharka.com

# खानेपानीको जारमा स्टिकर, लेबलिङ नगरी बिक्री गरेमा खबर गर्नुस

❖ बुद्धि कुमार राई

*गाईघाट, भदौ ९*

जिल्ला प्रशासन कार्यालय उदयपुरले जिल्लाभर खाद्य बस्तु दैनिक उपभाग्य बस्तुको अनुगमनमा कडाई र्ने भएका छन्।

भदौ ४ गते शुक्रबार गाईघाट बजारमा खानेपानीको जार भित्र मरेको भ्यागुतो फेला परेपछि सो पानी कुन कम्पनीको हो भनेर पत्ता लगाउन अहिले प्रशासनलाई टाउको दुखाईको बिषय बनेको छ।

कानुन विपरीत खाद्य बस्तु बितरण गर्दा बिना स्टिकर, लेवलिङ नलगाई बस्तु विक्री गरेमा उपभोक्ता संरक्षण २०५४ मा ब्यबस्था भए बमोजिम कार बाही गर्ने प्रशासनले जनाएको छ। जिल्ला प्रशासन कार्यालय उदयपुरका शाखा अधिकृत दिपक दाहालका अनुसार उदयपुर जिल्लाभरका बजारहरुमा तत्काल अनुगमनमा गएर उपभोक्तालाई सहुलियत हुने गरी काम गर्ने बताए। जिल्ला भर रहेको खाद्य बस्तु तरकारी पसल, अन्य दैनिक उपभोग्य बस्तुमा तत्काल अनुगमन हुने शाखा अधिकृत दाहालले बताए। जिल्लाभर कहि कतै त्यस्तो गुनासको बिषयमा जिल्ला खाद्य तथा गुण नियन्त्रण कार्यालय या जिल्ला प्रशासन कार्यालयमा रिपोट दिएर सहयोग गर्न पनि प्रशासनले अनुरोध गरेको छ।

कार्यालयले गरेको चेक जाँचमा त्यस्तो गलत गरेको पाईएमा जरिवाना सहित सजाय समेत गर्ने व्यवस्था ऐनमा रहेको जिल्ला प्रशासन कार्यालय उदयपुरका शाखा अधिकृत दिपक दाहालले बताए। उदयपुर जिल्लामा खाद्य बस्तुको अलाबा तरकारी, मासु, फलफुल, अन्य सबै दैनिक उपभोग्य बस्तुमा छड्के तथा अनुगमन हुने र भईरहेको प्रशासनले जनाएको छ। अझ चेकजाँच तिब्र बनाईने भएको छ।



दिपक दाहाल- शाखा अधिकृत
जिल्ला प्रशासन कार्यालय उदयपुर



उदयपुर जिल्ला सदरमुकाम गाईघाट बजारमा नेपाल स्प्रिङ पानीले पानीको जारमा बिना स्टिकर पानी बिक्रि गरिरेका तस्बिर।

# उदयपुर इन्चार्ज उनै हुन

❖ मुलुकी संबाददाता

*उदयपुर, भदौ ९*



नेकपा माओवादी केन्द्रले प्रदेश नं१ कमिटिमा पार्टीको जिम्मेवारी टुंग्याएको छ। प्रदेश नं १ को अध्यक्ष तथा उदयपरको ईन्चार्जमा उदयपुर जिल्लाको निर्बाचन क्षेत्र नम्बर २ का संघिय सांसद सुरेश कुमार राई लाई जिम्मेवारी दिएको छ। नेकपा माओवादीले पाटीको विभिन्न क्षेत्रको जिम्मेवारी टुङ्गाएको हो। नेकपा माओवादीले प्रदेश नम्बर एक को इन्चार्जको जिम्मेवारी सुरेन्द्र कार्कीलाई दिएको छ। प्रदेश सह-ईन्चार्जहरुमा सावित्री कुमार काफ्ले, पदम राई, धर्मशिला चापागाई, अजम्बर राई कांङमाङ लगायतका नेताहरु रहेका छन्।

## मुलुकी दैनिक रंगिन बन्दै

उदयपुर जिल्लाको छापा पत्रकारिता इतिहासमा सबैभन्दा पुरानो माझखर्क साप्ताहिक बिगत१७ बर्षअघि २०६१ साल जेठ१३ गते बुधबारदेखि निरन्तर हरेक हप्ताको बुधबार प्रकाशन हुँदै आएको छ। माझखर्क साप्ताहिकको सहप्रकाशन मुलुकी खबर दैनिक बिगत १५ बर्षअघि २०६३ साल बैशाख ७ गते बुधबार देखि जिल्लाकै पहिलो दैनिक प्रकाशन हुँदै आएको छ। आगामी २०७८ साल भदौ१८ गते शुक्रबार मुलुकी दैनिक पत्रिका १६ बर्ष पुरा गरी १७ बर्ष लागेको अबसरमा रंगिन रुपमा प्रकाशन हुँदैछ। सो १७ औं बार्षिक उत्सवको दिन रंगिनमा पत्रिका बिशेष अंक प्रकाशन हुने भएकाले तपाई पाठक शुभचिन्तकहरुलाई बिशेष अंक प्रकाशनको लागि लेख पठाईदिनुहुन अनुरोध छ। सम्पर्क - सम्पादक बुद्धि कुमार राई ९८४२९८५१८८




## हार्दिक निमन्त्रणा



स्वर्गिय मिथिला राई

हाम्रा पुजनिय आमा स्वर्गिय मिथिला राइको मिति २०७८ साल साउन २७ गते बुधबार असामायिक दुखद निधन भएकोमा स्वर्गिय मिथिला राइको यहि मिति २०७८ साल भदौ १२ गते शनिबार बिहान ११ बजे निज निबास गाईघाट लालिगुरास बोडिङमा सुद्याई कार्यक्रम गर्ने भएकोले सम्पुर्ण मलामिजन, आफन्त, शुभचिन्तकहरुलाई उपस्थित भइदिनुहुन अनुरोध छ।

### कार्यक्रम

*मिति- २०७८ साल भदौ १२ गते शनिबार*
*स्थान- निज निबास लालिगुरास बोर्डिङ स्कुल गाईघाट, उदयपुर*
*समय- बिहान ११ बजे*

### प्रार्थी

छोराहरु : सचिन सागर राई, समिप सागर राई
छोरी : निक्की राई

## सम्पादकीय

# नेपाली काङग्रेसलाई फाईदा नै फाईदा

नेकपा एमाले २०७८ साल भदौ ९ गते बुधबारदेखि औपचारिक रुपमा बिभाजन भएको छ। नेकपा एमालेमा लामो समय २०७५ जेठ २ गते पछि विभिन्न विवाद आए। धेरै प्रयास गर्दा पनि समस्या समाधान नभए पछि नेकपा एमालेका बरिष्ठ नेता माधब कुमार नेपालको नेतृत्वमा नेकपा एकिकृत समाजबादी पाटी दर्ता भएको छ। पाटीलाई बैठक र सहमतिबाट एकिकृत भई एउटै हुनुपर्नेमा नेकपा एमाले फेरी २४ बर्ष पछाडी फर्केको छ। यस अघि नेकपा एमाले महाकाली सन्धीमा २०५४ सालमा फुटेर नेकपा माले बनेको थियो ।

दल विभाजनले अहिले उदयपुरलाई खर्लप्पै खाएको छ। उदयपुरका अधिकांश जिल्ला तहका नेता कार्यकर्ता काठमाडौमा छन्। केही नेताहरु स्थानीय तहका मेयर, अध्यक्ष भएकाले पनि अहिले स्थानीय तह नेतृत्व विहिन भएको छ। त्रियुगा नगरपालिका उदयपुरकै कुरा गर्ने हो भने नगर प्रमुख मेयर बलदेब चौधरी नेकपा एमालेका केन्द्रीय सदस्य हुन् । उनी अहिले नगरपालिकालाई नेतृत्वविहिन बनाएर काठमाडौमा बसेका छन् । अहिले त्रियुगा नगरपालिका मेयर बिहिन मात्र होईन हाकिम बिहिन बनेका छन् । त्रियुगा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत लक्ष्मण बहादुर थापा लामो कार्यालयमा छैनन् उनले नगरपालिकाका शाखा अधिकृत किरण कार्कीलाई निमित्त छाडेर गएका छन्। नगरपालिका अहिले अस्तब्यस्त छ। त्रियुगा नगरपालिकाको वडा नम्बर १२ पुरानो गाईघाटका वडा सचिब बिदा बसेको लामो समय भयो। यि बाहेक उदयपुरमा अहिले दुई खेमामा बाडिएका नेकपा एमालेका नेता कार्यकर्तालाई दोधार बनाएका छन्। कति नेता पहिलेकै नेकपा एमालेमा फर्किने कि २०५४ सालकै मालेको हबिगत हुने भन्ने त्रासले पिरोलिरहेका छन्। भर्खरै खुलेको नेकपा एकिकृत समाजबादी पाटीमा जाँदा सो पाटीमा नेकपा माओवादीसँग एकता भएमा अहिले केपी ओली अध्यक्ष भएको एमाले भन्दा सो पाटीले ठूलो स्वरुप लिने हुदा कति नेता कार्यकर्ता नेकपा नयाँ दल तिर लाग्नेछ ।

नेता सँग स्थिरता, अहमता, नीति नियम, बिधानलाई नमान्दा अहिले नेकपा एमाले बिभाजन तर्फ लागेको हो। पटक पटक फुट्दै जुट्दै गर्दा यसको प्रत्यक्ष फाईदा नेपाली काङ्ग्रेसलाई फाईदा भएको छ। दुई तिहाई बहुमत नजिक मत दिएर पठाएका जनताले नेपालका बामपन्थी दलहरुले देशलाई उभो लगाउन सक्दैन भन्ने बुझिसकेका छन्। पाटी नफुटेकै भए पनि अब आउने चुनाबमा नेपाली काङ्ग्रेसलाई नै जनताले भोट दिएर पठाउने आकलन थियो। पाटीमा खिचातानी गरेकै कारण अहिले माधब नेपाल र केपी ओली छुटिएका छन्। यदि ओली र नेपाल नेतृत्वमा नबसी अन्य जो कोहीको नेतृत्वमा भए पनि पाटी एक हुनुथियो । अब दुबै पाटीको विभिन्न पदमा भर्ना खुल्नेछ। ति भर्नामा विभिन्न क्षेत्रका ब्याक्तिलाई नेता मानिदिनुपर्ने हुन्छ। हामी जनता जहिले नि ति राजनीतिक दलको क्रियाकलाप हेर्ने दर्शक भएका छौ। अब भने यि नेता कार्यकर्तालाई बुझेर मात्र मत दिन जरुरी छ। चाहे काङ्ग्रेस, एमाले, माओवादी, समाजबादी जो अन्य दल जसलाई भोट दिएर पठाए पनि अब देशले निकास पाउनुपर्छ । जनता जागरुक बन्नुपर्दछ अनि मात्र समाजले परिवर्तन देख्नेछ ।

## गाईघाट बजारको खुद्रा तरकारी भाउ ।

| | | | |
|---|---|---|---|
| १, आलु | रु ४० | १६, धनियाँ | रु ८० |
| २, अदुवा | रु १६० | १७, लोकल बोडी | रु ८० |
| ३, टमाटर | रु ६० | १८, खर्बुजा | रु ४० |
| ४, बन्दा | रु ६० | १९, रायो साग | रु १०० |
| ५, भेन्टा | रु ८० | २०, लट्टे साग | रु ६० |
| ६, खुर्सानी | रु २०० | २१, प्याज | रु ७० |
| ७, मुला | रु ६० | २२, निगुरो | रु २५ |
| ८, पर्बल | रु १०० | २३ दुध | रु. ७० |
| ९, तितेकरेला | रु ६० | २४, दही | रु ९० |
| १०, भिन्डी | रु ८० | २५, मोही | रु ५० |
| ११, च्याउ | रु २४० | २६, घ्यु | रु ७०० |
| १२, काउली | रु १६० | २७, राँगाको मासु | रु ४०० |
| १३, पर्सी | रु ५० | २८, बंगुरको मासु | रु ४०० |
| १४, कटहर | रु ४० | २९, खसीको मासु | रु १,००० |
| १५, काँक्रा | रु ७० | | |

# सैनिक–स्थानीय घम्साघम्सीमा ३ घाईते

❖ मुलुकी संवाददाता

*गाईघाट, भदौ ९*



उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ३ भुल्के स्थित नेपाली सेनाको १८ नं. बाहिनी अड्डाका जवान र स्थानीयबीच भएको बिबाद घम्साघम्सीमा परिणत हुादा एक पुरुषसहित ३ जना घाईते भएका छन् ।

मंगलबार साँझ घाँस काट्न गएका स्थानीयसँग सैनिक टोलीको भनाभन कुटपिटमा परिपत हुादा ५५ वर्षीय मोहम्मद इसराईल गम्भीर घाईते भएका छन् भने २३ वर्षीया रेतुन खातुन र ३४ वर्षीया मन्जु खातुन सामान्य घाईते छन्। इसराईलको भुल्केस्थित सामुदायिक सर्पदंश उपचार केन्द्रमा प्राथमिक उपचारपछि बुधबार उदयपुर जिल्ला अस्पताल रिफर गरिएको छ भने सामान्य घाईते दुई महिला भने उपचारपछि घर फर्केका छन् ।

जंगलमा घाँसदाउरा गर्न गएकाहरुलाई सेनाले कुटेर घाईते बनाएको स्थानीय बृद्ध ढोराई मियाले बताए । उनका अनुसार घाँस काटेर घर फर्कन लागेका बेला साँझ ५:०० बजे गाउँलेमाथि सेनाले कुटपिट गरेका हुन् ।

मियाले भुल्केबासीले प्रयोग गर्दै आएको जंगलमा घाँस काट्न जाने ९ महिला र १ पुरुषको समूहमाथि सेनाले खुकुरी, बन्चरो खोस्दै हातपात गरेको बताएका छन्। स्थानीयले प्रतिकार गर्दा सेनाले बुटैबुटले निर्घात कुटपिट गर्दा इसराईल र दुई महिला घाईते भएको उनले बताए । 'हाम्रो पहिलेदेखिको घाँसदाउरा गर्ने जंगल त्यही हो, त्यहाँ जाँदा आर्मीले कुट्यो' मियाले भने 'सबै छोरीबुहारी र एजना मात्र छोरा मान्छे जंगल गएका थिए, कुटाई खाएर आएछन्।'

सेना र स्थानीयबीच यसअघि पनि जंगल, खोला र सीमानाबारेमा बिबाद हुने गरेको अर्का स्थानीय यदुप्रसाद ढकालले बताए। उनका अनुसार खासगरी स्थानीयको चरिचरण र घाँसदाउरा गर्ने जंगल मिचेर सेनाले घेराबार लगाएकाले बिबाद हुने गरेको हो । यसपटक पनि सैनिक क्षेत्रभित्र घाँसदाउरा गरेको भन्दै आपत्ती जनाएपछि स्थानीयसँग बिबाद भएको अनुमान ढकालले गरे।

घट्नाबारे बुधबार विहान त्रियुगा नगरपालिका ३ का वडाध्यक्ष अवधेशप्रसाद चौधरीको उपस्थितिमा स्थानीय प्रहरी, राजनीतिक दलका प्रतिनिधि, सामाजिक अगुवालगायतको सहभाागितामा सेना र गाउँलेलाई राखेर सर्वपक्षीय छलफल भएको छ। छलफलले नियतबश नभएर दुर्घटनावश घट्ना हुन गएकाले सहमति खोज्नु समाधानको विकल्प भएको ठहर गरेको छ। जस अनुसार सेनाले घाईतेको उपचार गरिदिने, आगामी दिनमा भएको छ। खोस्न खोज्दा सामान्य ठेलाठेल केही नभएको शाक्यले बताए।




## राष्ट्रिय.....

पछि एन्फाले यस विवादको अन्तिम निष्कर्षको लागि खेलकुद मन्त्रालयलाई जिम्मा दिँदा एन्फाभित्र सामाधान हुनुपर्ने विषयलाई विधानविपरित मन्त्रालयसम्म लगेको भनेर धेरैले एन्फाको आलोचना गरेका थिए । पछि एन्फा सदस्य एवम् प्रवक्ता गाईघाटका किरण राईले सदस्यता रहने गरि एन्फा प्रवक्ताको जिम्मेवारीबाट राजीनामा दिएका थिए ।

यसै विषयको छानबिन समितिले राष्ट्रिय खेलकुद परिषद्लाई बुझाउन तयार पारिएको प्रतिवेदनमा ११ बुँदे सुझाव तथा सिफारिस छन् । त्यहि सुझावमा अल्मुताइरीले बानी सुधार्नुपर्ने, सम्झौतामा उल्लेख भएको शर्तहरुमा बसेर खेलाडीलाई गुणस्तरीय प्रशिक्षण दिनुपर्ने, खेल क्षेत्रलाई धुम्रपान र मद्यपान निषेधित क्षेत्र बनाउँदै लाने, विवादस्पद राजीनामा स्टाटसलाई हटाउने लगायतका कुरा प्रतिवेदनमा छ । त्यसैले पनि उनको उक्त स्टाटस फेरी आएको हुनसक्ने बुझिएको छ। त्यसैगरि आजबाट सुरु हुने सी डिभिजन छनौटमा खेलको म्यान अफ द म्याच ट्रफी र प्रशोधित पिउने पानीको व्यवस्थामा हाम्रो फुटबल नेपाल संस्थाले एन्फालाई सहयोग गर्ने भएको छ ।











| | |
|---|---|
| चिकेन म:म:............... | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................ | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको............... | ३०० |
| चिकेन चिल्लि ................ | ३०० |
| चिकेन पकौडा................ | ३०० |
| चिकेन फ्राई.................. | ..२०० |
| भेज पकौडा.................... | १०० |
| मटन पक्कु...................... | ४०० |
| पक्कु खाजा सेट ............ | ४३० |
| मटन भुटन..................... | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

# सानुमाया फर्निचर उद्योग




सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क - ९८११७५०८४४

# राष्ट्रिय महिला फुटबल टोलीले मैत्रीपूर्ण खेल खेल्दै

❖ बिबेक राई

*उदयपुर, भदौ ९*

नेपाली महिला राष्ट्रिय फुटबल टोलीले बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने भएको छ । अर्को वर्ष भारतमा हुने एएफसी महिला एशियन कपको छनौट खेल खेल्नुअघि नेपालले बंगलादेशसँग मैत्रीपूर्ण खेल खेल्ने भएको हो । उक्त छनौट खेल खेल्नुको लागि महिला टोलीका मुख्य प्रशिक्षक ग्यारी फिलिप्सले २३ जनाको अन्तिम टोली घोषणा गरिसकेका छन् । चर्चित खेलाडी सावित्रा भण्डारी अहिले घुँडाको सर्जरीको लागि कतारमा छिन् । त्यसैले उनको स्थानमा विमला बिकले अन्तिम २३ मा स्थान बनाएकी छिन् ।

> *तर भण्डारी निको भइन् भने उनलाई पनि टोलीमा समेटिने छ । एएफसी महिला एशियन कप छनौटको लागि नेपालसँगै समुह एफ मा फिलिपिन्स र हङकङ पनि छन् । नेपालभन्दा दुवै टोली बलिया भएकोले नेपाललाई छनौट खेल केहि गाह्रो पर्ने देखिन्छ । यद्यपि समुह विजेताले २०२२ जनवरी २० देखि हुने भनिएको एएफसी महिला एशियन कपमा छनौट भइ भाग लिनपाउने छ । यहि छनौट खेल्नुअघि नेपालले बंगलादेशसँग यहि सेप्टेम्बर ९ र १२ तारिखमा दुई मैत्रीपूर्ण खेल खेल्ने भएको हो ।*

तर भण्डारी निको भइन् भने उनलाई पनि टोलीमा समेटिने छ। एएफसी महिला एशियन कप छनौटको लागि नेपालसँगै समुह एफ मा फिलिपिन्स र हङकङ पनि छन्। नेपालभन्दा दुवै टोली बलिया भएकोले नेपाललाई छनौट खेल केहि गाह्रो पर्ने देखिन्छ। यद्यपि समुह विजेताले २०२२ जनवरी २० देखि हुने भनिएको एएफसी महिला एशियन कपमा छनौट भइ भाग लिनपाउने छ । यहि छनौट खेल्नुअघि नेपालले बंगलादेशसँग यहि सेप्टेम्बर ९ र १२ तारिखमा दुई मैत्रीपूर्ण खेल खेल्ने भएको हो ।

महिला टोलीले दुवै मैत्रीपूर्ण खेल काठमाडौँस्थीत दशरथ रंगशालामा खेल्नेछ। तर महिला टोलीले पुरुष टोलीपछि मैत्रीपूर्ण खेल खेल्नेछ। नेपाली पुरुष राष्ट्रिय फुटबल टोलीले पनि दशरथ रंगशालामा नै मैत्रीपूर्ण खेल खेल्दैछ । पुरुष टोलीले यहि सेप्टेम्बर २ र ५ तारिखमा भारतसँग दुई मैत्रीपूर्ण खेल्दैछ। नेपालले यहि अक्टोबरमा माल्दिभ्समा हुने साफ च्याम्पियनसिपको तयारीको लागि उक्त मैत्रीपूर्ण खेल खेल्न लागेको हो । साफ च्याम्पियनसिपपछि नेपालले चीनमा हुने पुरुषतर्फको एएफसी एशियन कप छनौट खेल्नेछ ।

पुरुष टोलीका मुख्य प्रशिक्षक अब्दुलाह अल्मुताइरीले भने फेरी फेसबुकमा तरंगित हुने स्टाटस लेखेका छन्। उनले बुधबार म बाहिरिए, राजनीतिलाई काम गर्नदेउ भन्ने स्टाटस लेखेका छन् । उनको उक्त स्टाटस छानबिन समितिको प्रतिवेदनप्रति हुनसक्ने आँकलन गरिएको छ । उनले यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा) का वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङको कारणले राजीनामा दिनगइरहेको भन्ने स्टाटस लेखेपछि एन्फा विवाद सतहमा आइपुगेको बुझिएको थियो ।

मेरो खेल अनलाइन पत्रिकाका पत्रकार विभा थापासँग चुरोट पिएको विषयमा पनि कुवेती प्रशिक्षक अल्मुताइरीको विवाद भएको समाचार आएको थियो । एन्फाका दोस्रो उपाध्यक्ष नेम्वाङले आफू माथि नभएको आरोप लागिसकेपछि त्यस आरोपको छानबिन हुनुपर्ने माग गरेका थिए । यस विषयमा दुई धार देखिएको थियो जसमा कसैले एन्फामा राजनीति हुने गरेकोले नेपाली फुटबलको विकास नभएको प्रतिक्रिया दिएका थिए । कसैले भने प्रशिक्षक अल्मुताइरीले एन्फा पदाधिकारीको मानसिकताले गर्दा नेपाली फुटबल विकास नभएको भनेर आचारसंहिता बाहिर गएर बोलेको भन्दै प्रशिक्षक अल्मुताइरीको पनि कटाक्ष गरेका थिए । - बाँकी ३ पेजमा

## मुलुकी दैनिकको जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना । तपाईहरुले २०७८ साल बैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला ।




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ ।
उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर ।
प्रोपाइटर – सुमन कटुवाल । सम्पर्क ९८५१११०१६८ ।








प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट